annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५८, पृष्ठ ८ | काठमाडौं, सोमबार १९ असोज २०८३ | आश्विन शुक्लपक्ष दशमी नेपाल संवत् ११४६ | MONDAY, OCTOBER 5, 2026 | मूल्य : रु. १०

‘बीपी र गणेशमानको छोरा कहाँ हुनुहुन्छ मलाई थाहा छैन तर आत्मा यही छ ।’
- गगन थापा

‘कहिलेकाहीं कसैलाई फकाउनुभन्दा छोडिदिँदा राम्रो हुन्छ ।’
- रवि लामिछाने

‘अहिले तपाईं देशको नेतृत्व गर्ने बाटोमा हिँड्नु होला, हामी साथ दिन तयार छौं ।’
- पुष्पकमल दाहाल

कांग्रेस १५औं महाधिवेशन

विरासतले बिरानो, अठोटले क्रमभंग

न बीपी पुत्र शशांक कोइराला, न त गणेशमान सिंह पुत्र प्रकाशमान सिंह नै । अरू त अरू, पूर्वसभापति शेरबहादुर देउवा पनि अनुपस्थित थिए । ‘पारिवारिक र राजनीतिक विरासत’ बोकेको नेतृत्वबिनै कांग्रेसको १५औं महाधिवेशन आइतबारबाट राजधानीमा सुरु भएको छ । सभापति गगन थापाको अठोटले कांग्रेसमा ‘विरासतको क्रमभंग’ त गऱ्यो नै, विरासतमात्रै नेतृत्वको योग्यता होइन भन्ने सन्देश पनि दियो ।

राधा खनाल | *काठमाडौं*

समाचार पृष्ठ २

रविले गगनलाई के लगाए दोस्रो ‘गुन’ ?

सुरेन्द्र काफ्ले | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले कांग्रेस सभापति गगन थापालाई आफूले ‘दोस्रो गुन’ लगाएको खुलासा गरेका छन्। तर, उनले आफूले लगाएको पहिलो गुन के थियो ? भन्ने खुलाएनन्। कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोहमा शुभकामना दिँदै लामिछानेले भने, ‘कहिलेकाहीं पार्टीभित्र बसेर सधैं कचकच गर्ने, गनगन गर्ने, हैरान गर्ने, फकाउँदा-फकाउँदा सम्पूर्ण शक्ति नष्ट गरिदिने साथीहरूलाई फकाउनुभन्दा छोडिदिएकै राम्रो हुन्छ। यति भनिदिएर मैले गगनजीलाई दोस्रो गुन लगाएको छु, मान्ने नमान्ने तपाईंको जिम्मा।’ सभापति लामिछानेले पहिलो गुनबारे नखुलाए पनि त्यसलाई लिएर कांग्रेस वृत्तमा भने विभिन्न चर्चा हुन थालेको छ।

०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं-४ मा कांग्रेस सभापति थापा उम्मेदवार थिए। अरू सबैतिर उम्मेदवारी दिएको रास्वपाले त्यो क्षेत्रमा उम्मेदवारी नै दिएन। त्यस बेला रास्वपाले काठमाडौंका क्षेत्र नम्बर २, ६, ७ र ८ मा उम्मेदवारी दिएको थियो। सबै क्षेत्रमा जित हासिल गरेको थियो। अन्यत्र पनि कांग्रेसका थुप्रै नेताले चुनाव हारे, तर गगनले जिते। जबकी, २०८२ फागुन २१ को निर्वाचनमा गगन सर्लाही-४ मा उम्मेदवार बने। रास्वपाका अमरेश सिंहसँग चुनाव हारे। सायद, लामिछानेले यसैलाई ‘पहिलो गुन’ लगाएको अर्थका रूपमा व्याख्या गरेको हुन सक्ने कांग्रेसी नेताहरू बताउँछन्। लामिछाने पछि उद्घाटन सत्रमा बोलेका कांग्रेस सभापति थापाले पनि पहिलो गुनबारे उल्लेख गरेनन्।

त्यस्तै, लामिछानेले शेरबहादुर देउवा लगायतलाई छोडेर गगनले राम्रो गरेको अभिव्यक्ति दिए। कांग्रेसको मञ्चमा देउवाका लागि छुट्याइएको कुर्सी नै खाली राखिएको थियो। सभापति थापाले भने, ‘पूर्वसभापति देउवाका लागि कुर्सी खाली राखेका थियौं। तर, आउनुभएन। कति पटक जाने हो, लिन कसरी जाने हो?’ रास्वपा सभापति लामिछानेले चुनावमा कांग्रेसका प्रतिबद्ध कार्यकर्ताले पनि आफूलाई मत दिएर जिताएको बताए। उनले भने, ‘यहीं सभामा आउनेमध्ये कतिले अस्ति घण्टीलाई भोट हाल्नुभयो होला।’ लामिछानेको भनाइपछि कांग्रेस सभापति थापाले गहकिलो जवाफ दिए।

सभापति थापाले विगतमा कांग्रेसबाट प्रशिक्षित थुप्रै नेता/कार्यकर्ता रास्वपाबाट चुनाव जितेर संसद् पुगेको बताए। ‘यहाँ भएका थुप्रै साथीहरूले मत हाल्नुभएको छ कि भन्नुभएको छ। हामीले मतदातामात्रै होइन, संसद्भित्र ४०-५० जना साथीहरू प्रशिक्षित गरेर पठाएका छौं,’ थापाले भने।

» बाँकी पृष्ठ ५

कांग्रेसको राजनीतिक प्रतिवेदन

निर्वाचनपूर्व गठबन्धन नगर्ने, उत्पादनमा जोड दिने

काठमाडौं (अन्नपूर्ण) : कांग्रेस सभापति गगन थापाले पार्टीको १५औं महाधिवेशनमा प्रस्तुत गर्न तयार पारेको राजनीतिक प्रतिवेदनमा आगामी चार वर्षका लागि पार्टीको राजनीतिक, वैचारिक, संगठनात्मक तथा आर्थिक कार्यदिशा प्रस्ताव गरेका छन्।

प्रतिवेदनमा निर्वाचनपूर्व कुनै पनि दलसँग गठबन्धन नगर्ने, आफ्नै चुनाव चिह्न र उम्मेदवार लिएर जनतामाझ जाने, पार्टी संगठनको पुनर्संरचना गर्ने तथा सरकारका कामकारबाहीमाथि प्रभावकारी निगरानी गर्ने प्रस्ताव गरिएको छ।

थापाले कांग्रेसले पछिल्ला दुई दशकमा आफ्नो मूल उद्देश्यभन्दा पद र सत्तालाई प्राथमिकता दिएको आत्मसमीक्षा गरेका छन्। गठबन्धन व्यवस्थापन, भागबन्डा, गुटबन्दी र लेनदेनको राजनीतिले पार्टीको नैतिक धरातल कमजोर बनाएको तथा भ्रष्टाचार र अनियमिततामा आफ्ना पक्षका व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्तिले सार्वजनिक संस्थाको स्वायत्तता कमजोर बनाएको प्रतिवेदनमा उल्लेख छ। युवापुस्तासँग पार्टीको दूरी बढेको र नागरिकका बदलिँदा अपेक्षा बुझ्न नसकेको स्वीकार गर्दै प्रतिवेदनले पार्टी सुधार र जनतासँगको सम्बन्ध पुनःस्थापित गर्नुपर्नेमा जोड दिएको छ।

निर्वाचनपूर्व गठबन्धन नगर्ने

थापाले आगामी निर्वाचनमा निर्वाचनपूर्व कुनै पनि दलसँग गठबन्धन नगर्ने नीति प्रस्ताव गरेका छन्। कांग्रेस आफ्नै रूख चिह्न, आफ्नै उम्मेदवार र आफ्नै एजेन्डासहित जनतामाझ जानुपर्ने उनको प्रस्ताव छ। उम्मेदवार छनोटमा गुट, पहुँच र संरक्षणभन्दा योग्यता, योगदान र कार्यसम्पादनलाई प्राथमिकता दिनुपर्ने तथा प्राइमरी निर्वाचन, सार्वजनिक मतसर्वेक्षण र सदस्यको प्रत्यक्ष मतलाई महत्त्व दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रतिपक्षको प्रभावकारी भूमिका

प्रतिवेदनमा ३८ सिटसहित संसद्मा कांग्रेसले प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने प्रस्ताव गरिएको छ। सरकारका कामकारबाहीलाई प्रमाण र तथ्यका आधारमा प्रश्न गर्ने, भ्रष्टाचार, अधिकार हनन र कुशासनविरुद्ध आवाज उठाउने तथा आलोचनासँगै वैकल्पिक नीति र राष्ट्रिय दिशा प्रस्तुत गर्नुपर्ने उल्लेख छ। संघ र प्रदेश तहमा सरकारका मन्त्रालयको अनुगमन गर्न छाया सरकारको अभ्यास गर्ने प्रस्तावसमेत गरिएको छ।

‘समुन्नत नेपाल, सम्मानित नेपाली’

थापाको प्रतिवेदनको मुख्य अवधारणा समुन्नत नेपाल, सम्मानित नेपाली रहेको छ। आर्थिक वृद्धिदरलाई मात्र समुन्नतिको आधार नमान्दै शिक्षा, स्वास्थ्य, पोषण, सीप, क्षमता र नागरिकको वास्तविक स्वतन्त्रतालाई विकासको आधार बनाउनुपर्ने प्रस्ताव गरिएको छ।

» बाँकी पृष्ठ ५